# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन हुने युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८१

मानननीय मन्त्रीस्तरीय निर्णयबाट मिति २०८१/०४/३० मा स्वीकृत।

## आ.व.२०८१/०८२

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

# विषय सूची

**खण्डः एक**........................................................................................................१

**१. परिचय तथा उद्देश्य**.............................................................................................१

१.१ परिचयः ..................................................................................................१

१.२ उद्देश्यः....................................................................................................१

१.३ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था : ...................................................१

१.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः .......................................१

**खण्डः दुई** ........................................................................................................३

**वार्षिक विकास कार्यक्रम र कार्यान्वयन** ....................................................................३

**मन्त्रालय तर्फ (चालु कार्यक्रम)** ..................................................................................३

२.१ युवा तर्फ..................................................................................................३

२.१.१ प्रदेश युवा संजाल गठन तथा परिचालन ...............................................३

२.१.२ प्रदेश अन्तर्गत विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभा पहिचान तथा सम्मान कार्यक्रम ...................................................................................................४

२.१.३ युवाको क्षमता तथा नेतृत्व विकास कार्यक्रम ..........................................५

२.१.४ युवा क्लव प्रशिक्षण र परिचालन.........................................................६

२.१.५ लागु औषध दुर्व्यसन विरुद्धको कार्यक्रम ..............................................७

२.१.६ लागु औषध तथा कुलतमा लागेका युवाका लागि मनोपरामर्श तथा प्रशिक्षण कार्यक्रम (सामाजिक विकास कार्यालयहरु)........................................................................९

२.१.७ नेपाल स्काउट सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम .............................१०

२.१.८ सीपयुक्त युवाहरुका लागि उद्यमशिलता / व्यवसाय शुरुवात सहयोग कार्यक्रम (सामाजिक विकास कार्यालयहरु)........................................................................११

२.१.९ युवा लक्षित बहस कार्यक्रम..................................................................१३

२.१.१० दलित युवाहरुको उद्यमशिलता विकास कार्यक्रम ...................................१४

२.२ खेलकुद तर्फ ..........................................................................................१६

२.२.१ विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघ/संस्थालाई अनुदान ...................१६

२.२.२ राष्ट्र तथा प्रदेशको गौरब राख्न सफल प्रदेशका खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन.........१८

२.२.३ युवा तथा खेलकुद सम्वन्धित दिवस तथा समारोह सञ्चालन.................................२०

२.२.४ युवा क्लब तथा खेलकुद सम्वन्धी संस्थाहरुका लागि खेलकुद सामग्री प्रोत्साहन कार्यक्रम.... २१

२.२.५ गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी खेलाडीहरुलाई प्रोत्साहन ........................२२

२.२.६ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशका खेलाडीहरुको सहभागिताका लागि सहयोग कार्यक्रम..............................................................................................२३

२.२.७ युवा तथा खेलकुद नीति, मापदण्ड तथा निर्देशिका तयारी .......................................२४

२.२.८ युवा तथा खेलकुद सम्बन्धि कार्यक्रम अनुगमन.....................................................२५

२.२.९ सामाजिक विकास कार्यालय (खेलमैदान निर्माण/खेलमैदान स्तरोन्नति/खेलमैदान मर्मत संभार) कार्यक्रम..............................................................................................२६

**अनुसूचीहरु** ........................................................................................................२९

**अनुसूची- १**........................................................................................................२९

सीपयुक्त युवाहरुका लागि उद्यमशिलता/व्यवसाय शुरुवात सहयोग कार्यक्रम प्रस्तावको ढाँचा.......... २९
**अनुसूची-२ ..................................................................................................................३०**
सीपयुक्त युवाहरुका लागि उद्यमशिलता/व्यवसाय शुरुवात सहयोग कार्यक्रम प्रस्तावको मूल्याङ्कनका आधार र अङ्क विभाजन.............................................................................................. ३०
**अनुसूची - ३ ...............................................................................................................३१**
स्वघोषणा पत्र...................................................................................................... ३१
**अनुसूची -४...................................................................................................................३२**
सीपयुक्त युवाहरुका लागि उद्यमशिलता /व्यवसाय शुरुवात सहयोग कार्यक्रम सम्झौताको ढाँचाको नमुना ..................................................................................................................... ३२
**अनुसूची-५ ..................................................................................................................३३**
दलित युवाहरुको उद्यमशिलता विकास कार्यक्रममा व्यवसायीले पेश गर्ने प्रस्तावको ढाँचा............... ३३
**अनुसूची- ६.................................................................................................................३४**
दलित युवाहरुको उद्यमशिलता विकास कार्यक्रम सम्झौताको ढाँचा........................................... ३४
**अनुसूची-७ ..................................................................................................................३५**
दलित युवाहरुको उद्यमशिलत विकास कार्यक्रम प्रस्तावको मूल्याङ्कनका आधार र अङ्क विभाजन........ ३५
**अनुसूची-८ ..................................................................................................................३६**
खेलकुद मैदान निर्माण/मर्मत सम्भार सम्झौताको ढाँचा......................................................... ३६
**अनुसूची-९ ..................................................................................................................४०**
आयोजना सूचना पाटीको नमुना ........................................................................................ ४०
**.................................................................................................................................४०**
**अनुसूची- १० ..............................................................................................................४१**
स्वघोषणा -पत्र...................................................................................................... ४१
**अनुसूची- ११ ..............................................................................................................४२**
कार्य सम्पन्न प्रतिवेदनको ढाँचा........................................................................................ ४२
**अनुसूची- १२ ..............................................................................................................४३**
आयोजना सम्झौता गर्दा र सम्पन्न पछि भुक्तानीका लागि पेश गर्नु पर्ने कागजातहरु..................... ४३

## खण्डः एक
## १. परिचय तथा उद्देश्य

### १.१ परिचयः

गण्डकी प्रदेश सरकारको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम अनुसार युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवा सहभागिता वृद्धि गर्न तथा युवाहरुलाई उद्यमशिल, स्वरोजगार र स्वावलम्बीका साथै दुर्व्यसनमुक्त सशक्त युवा वनाउनका लागि वजेट वक्तव्यमा **"उद्यमी युवा, समृद्ध प्रदेश निर्माणमा टेवा"** भन्ने नाराका साथ युवाहरुको प्रत्यक्ष सहभागितामा लक्षित कार्यक्रम सञ्चालन गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ । त्यसैगरी गण्डकी प्रदेशलाई खेलकुद पर्यटन केन्द्रको रुपमा विकास गर्न **"खेल्छ गण्डकी"** कार्यक्रमलाई निरन्तरता दिदै **"सबैका लागि खेलकुद"** भन्ने नारालाई आत्मासात् गर्दै खेलकुद विकासका लागि विद्यालय तह देखि नै गतिविधि सञ्चालन गरी प्रतिस्पर्धी खेलाडी उत्पादन गर्न लक्षित कार्यक्रमहरु व्यवस्था गरिएको छ । प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० अनुसार मन्त्रालयले वार्षिक विकास तथा कार्यक्रमको कार्यान्वयन गर्न यस कार्यविधि वमोजिम आवश्यक मापदण्ड बनाई मन्त्रीस्तरीय निर्णयले कार्यान्वयन गर्न सक्नेछ भन्ने व्यवस्था भएको हुदा सामाजिक विकास तथा स्वास्थ मन्त्रालय र अन्तर्गतका निकायहरुको युवा तथा खेलकुद विकास तर्फको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम र वजेट कार्यान्वयन गर्न गराउन यो **"वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८१"** स्वीकृत गरिएको छ ।

### १.२ उद्देश्यः

- आ.व. २०८१/०८२ को वार्षिक विकास कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्नु,
- कार्यक्रम कार्यान्वयन तथा अनुगमनमा एकरुपता, प्रभावकारीता र गुणस्तरीयता कायम गर्नु,
- कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्नु ।
- कार्यक्रम कार्यान्वयमा सुशासन कायम गर्नु ।

### १.३ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः

कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, भ्रमण खर्च नियमावली २०६४, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड २०७९, गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको आ. व. २०८१।०८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ । प्रचलित कानूनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ ।

### १.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः

- यस मापदण्डको पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार कर्मचारीको हुनेछ।
- कार्यक्रम शुरु गर्नु अघि लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराई सञ्चालन गर्नु/गराउनु पर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्दा तोकिएको त्रैमासिक भित्रै सञ्चालन गर्नु पर्नेछ ।

- यस मापदण्डका अनुसार कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकार, राष्ट्रिय युवा परिषद् र राष्ट्रिय खेलकुद परिषद्बाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिका समेतलाई आधार मानी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।
- सामान्यतः यस आर्थिक वर्षको आर्थिक दायित्व आगामी आर्थिक वर्षमा सर्ने गरी कार्यक्रम सञ्चालन गरिने छैन ।
- सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ ।
- सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्न नीतिगत मार्गदर्शन २०७५ समेत अनुशरण गर्नु पर्नेछ ।
- कार्यक्रमको मुख्य मुख्य उपलब्धी र वित्तीय प्रगति मासिक रूपमा एवम् भौतिक तथा वित्तीय प्रगति त्रैमासिक र वार्षिक रुपमा तयार गर्नु पर्नेछ ।

**नोट**:- प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

# खण्डः दुई
# वार्षिक विकास कार्यक्रम र कार्यान्वयन
# मन्त्रालय तर्फ (चालु कार्यक्रम)
## २.१ युवा तर्फ

### २.१.१ प्रदेश युवा संजाल गठन तथा परिचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १५०० | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा गठन भएको युवा सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरी युवाका सवालहरुलाई संवोधन र कार्यान्वयन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | प्रदेश/जिल्ला/स्थानीय स्तरमा क्रियाशिल युवा क्लवका सदस्यहरुको नेतृत्व तथा क्षमता विकास गर्दै युवाहरुलाई उत्पादन, प्रशोधन, नवप्रवर्तन र विकास तथा अनुसन्धानका क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नु ।<br>अवलोकन र भ्रमणको माध्यमबाट अनुभव आदान प्रदान गरी नविनतम र सृजनशिल क्रियाकलापमा लाग्न प्रेरित गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट वाँडफाँट | खाजा, खाना, दैनिक भ्रमण भत्ता, ईन्धन/यातायात, बैठक भत्ता, स्टेशनरी लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | कार्यविधि निर्माण, सहभागी छनौट र स्थान छनौट, युवा सञ्जाल गठन, सञ्जालका पदाधिकारी सदस्यलाई नेतृत्व तथा क्षमता विकास सम्बन्धि प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम तथा अध्ययन, अवलोकन र भ्रमण समेत, समन्वय बैठक, युवा सञ्जाललाई परिचालन तथा सुझाव संकलन, प्रतिवेदन<br>(कार्यविधि निर्माण नभएको अवस्थामा राष्ट्रिय युवा परिषदको युवा सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७६ को आधारमा कार्यक्रम कार्यान्वयन गर्न सकिने) |
| ६. अपेक्षित प्रतिफल | प्रदेश युवा सञ्जाल गठन भई परिचालन भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यविधि तथा बैठकको प्रतिलिपि, कार्यक्रम संचालन सम्बन्धी उपस्थिति,<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२ प्रदेश अन्तर्गत विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभा पहिचान तथा सम्मान कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा युवाको सिप र प्रतिभालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता वृद्धि गर्न युवा प्रतिभाको पहिचान गरि क्षेत्रगत रुपमा विशेष योगदान गरेका युवाहरुलाई सम्मान गरि थप हौसला प्रदान गर्न यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • युवाहरुमा अन्तर्निहित प्रतिभा पहिचान र प्रस्फुटनमा सहयोग पुर्याउनु ।<br>• युवाहरुलाई आफ्नो क्षेत्रमा लगनशिल हुन उत्प्ररित गर्नु ।<br>• युवालाई नवप्रवर्तन/अनुसन्धानमुलक, रचनात्मक र सिर्जनात्मक क्रियाकलापमा लाग्न अभिप्रेरित गर्नु ।<br>• अवलोकन र भ्रमणको माध्यमबाट अनुभव आदान प्रदान गरी नविनतम र सृजनशिल क्रियाकलापमा लाग्न प्रेरित गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट बाँडफाँट | पुरस्कार रकम, खाजा/खाना, दैनिक भ्रमण भत्ता, यातायात/ईन्धन, वैठक भत्ता, स्टेशनरी र अनुगमन लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • विज्ञ सदस्यमा सुचिकृतको लागी सूचना प्रकाशन गर्ने<br>• तयारी बैठक, समन्वय र विज्ञ समिति गठन<br>• अध्ययन, अनुसन्धान, अनुगमन<br>• बैठक तथा सिफारिस<br>• आवश्यकताका आधारमा स्थलगत अनुगमन र प्रतिवेदन<br>• समारोह आयोजना र पुरस्कृत गर्ने<br>विज्ञ समितिः-<br>१. महाशाखा प्रमुख- संयोजक<br>२. मन्त्रालयले तोकेको सम्बन्धित क्षेत्रको विषय विज्ञ -सदस्य<br>३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य<br>४. जिल्ला युवा समितिको अध्यक्ष मध्येबाट मन्त्रालयले तोकेको १ जना- सदस्य<br>५. युवा शाखा प्रमुख- सदस्य सचिव |
| ६. अपेक्षित प्रतिफल | विभिन्न क्षेत्रका युवा प्रतिभा पहिचान भई सम्मानित भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • विज्ञ समितिको निर्णय र सिफारिस,<br>• स्थलगत अनुगमन र प्रतिवेदन,<br>• कार्यक्रम संचालन सम्बन्धी उपस्थिति,<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.३ युवाको क्षमता तथा नेतृत्व विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | ३ | १५०० | दोस्रो र तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | युवालाई राष्ट्र र प्रदेशको विकास एवं समृद्धिप्रति जिम्मेबार, कर्तव्यवोध र नैतिकवान् बनाउन युवाको नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवा सहभागिता वृद्धि गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | युवाको नेतृत्व क्षमताको विकासमा सहयोग पुर्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट बाँडफाँट | प्रशिक्षक भत्ता, खाजा/खाना, दैनिक भ्रमण भत्ता, यातायात/ईन्धन, वैठक भत्ता, स्टेशनरी लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | तयारी वैठक, सरोकारवालाहरु (क्लब, सञ्जाल,स्थानीय तह, युवा समिति, सामाजिक विकास कार्यालय र अन्य संघ/संस्था) संग समन्वय,कार्यक्रमका सहभागिहरु छनौट, कार्यक्रम संचालन गर्न भ्रमण तथा अवलोकन, अन्तरक्रिया, छलफल र नेतृत्व विकासका अभिमुखीकरण/तालिम/प्रशिक्षण कार्यक्रम संचानल गर्ने । |
| ६. अपेक्षित प्रतिफल | युवाको क्षमता र नेतृत्व विकासमा सहयोग पुग्ने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकका निर्णयप्रति<br>• कार्यक्रम संचालन सम्बन्धी उपस्थिति<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.४ युवा क्लव प्रशिक्षण र परिचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १५०० | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा युवा क्लव प्रशिक्षण र परिचालन गरि राज्यका तल्लो तह गाउँ तथा नगरलाई युवामैत्री बनाउने तथा दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो परिवेशमा स्थानियकरण र कार्यान्वयनमा नेतृत्वदायी भुमिका खेल्दै युवालाई अधिकार र कर्तव्यप्रति सजग गराउदै राष्ट्र निर्माणमा उत्प्रेरित गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | प्रदेश अन्तर्गतका स्थानीय तहहरुमा युवा क्लब गठन, सहजीकरण, प्रशिक्षण र परिचालन गर्न मद्दत पुर्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट बाँडफाँट | प्रशिक्षक भत्ता, खाजा/खाना, दैनिक भ्रमण, यातायात/ईन्धन, वैठक भत्ता, स्टेशनरी, अनुगमन लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | तयारी वैठक, सरोकारवालाहरुसंग समन्वय, कार्यक्रम संचालन गर्न स्थानीय तह र सहभागी छनौट, अभिमुखीकरण/अन्तरक्रिया/छलफल/प्रशिक्षण र परिचालन गर्ने ।<br>मन्त्रालयको वेवसाईटमा सुचना प्रकाशन गरी वैधानिक तवरले स्थापित र क्रियाशिल युवाक्लबहरुलाई सुचीकृत हुनको लागी जानकारी गर्ने र क्लबहरुको अभिलेखीकरण गर्ने । |
| ६. अपेक्षित प्रतिफल | युवा क्लवका पदाधिकारी एवं सदस्यहरुलाई प्रशिक्षण र परिचालनमा सहयोग पुग्ने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकका निर्णयप्रति<br>• कार्यक्रम संचालन सम्बन्धी उपस्थिति<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.५ लागु औषध दुर्व्यसन विरुद्धको कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | दोस्रो/तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | युवामा दुर्व्यसन र विकृतिलाई निरुत्साहित गर्न सचेतना, परामर्श तथा प्रशिक्षण गराइ कला, सीप र क्षमताको विकासका माध्यमबाट युवाहरुको भावि जीवन सहज र सरल तरिकाले जिवनयापन गर्न सक्षम बनाउनका लागि सचेतना तथा परामर्श कार्यक्रम संचालन गर्न वाञ्छनिय भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | १. दुर्व्यसनका क्षेत्र पहिचान र छनौट गरी सचेतना तथा परामर्शको माध्यमबाट युवालाई दुर्व्यसन र विकृतिमा लाग्न निरुत्साहित गर्नु ।<br>२. युवामा दुर्व्यसन लाग्न निरुत्साहित गर्न र दुर्व्यसनमा फसेका/लागेका युवाहरुलाई स्वास्थ्य तथा मनोपरामर्श सम्बन्धि प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरी जनशक्ति तयार गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट बाँडफाँट | प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता,खाजा/खाना, यातायात/ईन्धन, वैठक भत्ता, स्टेशनरी र अनुगमन लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | १. सम्बन्धित सरोकारवाला संघ/संस्थासँगको समन्वय तयारी वैठक, छलफल तथा अन्तरक्रिया र सचेतना तथा परामर्श अथवा छायाङ्कन र प्रसारण कार्यक्रम संचालन गरिने ।<br>२. लागत साझेदारीमा कार्य गर्न इच्छुक अनुभवि व्यक्ति, समुह वा संघ/संस्थाहरुलाई कार्यक्रमको मोडल र प्रस्ताव पेश गर्नको लागी सुचना वेवसाईटमा प्रकाशन गर्ने र सम्भव भए सम्म लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>३. संघ/संस्थाको आवेदन नआएको खण्डमा मन्त्रालयको आन्तरिक निर्णयबाट कार्यक्रम कार्यान्वयन गर्ने ।<br>४. मनोपरामर्श सम्बन्धि प्रशिक्षक प्रशिक्षण कार्यक्रम र सरोकारवालाहरुसँगको छलफल, अन्तरक्रिया, छायाङ्कन तथा प्रसारण सम्बन्धि कार्यक्रम छुट्टाछुट्टै संचालन गर्ने ।<br>५. दुर्व्यसन निरुत्साहन र न्यूनीकरणको क्षेत्रमा लागेका व्यक्ति वा संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन हुने । |
| ६. अपेक्षित प्रतिफल | • युवामा दुर्व्यसन र विकृतिलाई निरुत्साहित गर्न सहयोग पुग्ने । |

| | | |
|---|---|---|
| | | • लागुऔषध दुर्व्यसनमा लागेका युवाहरुलाई मनोपरामर्श तथा स्वास्थ्य सचेतनामुलक अभिमुखीकरण/अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम संचालन भएको हुने ।<br>• स्वास्थ्य तथा मनोपरामर्श सम्बन्धि प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन भएको हुने । |
| ७. | संघ/संस्था छनौटका आधारहरु | (क) लागत साझेदारीको प्रस्ताव रकम -५०% वा सो भन्दा बढी भएमा -५० अङ्क, २५% भन्दा बढी र ५०% भन्दा कम भएमा-३० अङ्क, २५% सम्मको साझेदारीमा -२० अङ्क<br>(ख) छायाङ्कन र प्रसारणको अवस्था -टेलिभिजन-३० अङ्क, रेडियो-२५ अङ्क,पत्रपत्रिका-२२ अङ्क, अन्य संघ/संस्था-२० अङ्क<br>(ग) पेश भएको प्रस्तावहरुको समग्र मूल्याङ्कन — अति उत्तम-२० अङ्क,उत्तम-१८ अङ्क, ठिकै-१५ अङ्क, न्यून-१० अङ्क |
| ८. | प्रस्ताव छनौट/मूल्याङ्कन समिति | महाशाखा प्रमुख-संयोजक<br>प्रशासन महाशाखा/ शाखा प्रमुख-सदस्य<br>युवा शाखा प्रमुख-सदस्य<br>आन्तरिक प्रशासन शाखा प्रमुख-सदस्य<br>कानून अधिकृत-सदस्य |
| ९. | पेश गर्नुपर्ने कागजातहरु | • वैठकका निर्णयप्रति<br>• कार्यक्रम संचालन सम्बन्धी उपस्थिति<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरु,<br>• प्रतिवेदन |
| १०. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.६ लागु औषध तथा कुलतमा लागेका युवाका लागि मनोपरामर्श तथा प्रशिक्षण कार्यक्रम (सामाजिक विकास कार्यालयहरु)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | ११ | ५५०० | पहिलो र दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | युवामा दुर्व्यसन र विकृतिलाई निरुत्साहित गर्न मनोपरामर्श तथा प्रशिक्षण गराइ कला, सीप र क्षमताको विकासका माध्यमबाट युवाहरुको भाविजीवन सहज र सरल तरिकाले जिवनयापन गर्न सक्षम बनाउनका लागि सचेतना तथा परामर्श कार्यक्रम संचालन गर्न वाञ्छनिय भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | विशेष क्षेत्र पहिचान गरी सचेतना तथा परामर्शको माध्यमबाट युवालाई दुर्व्यसन र विकृतिमा लाग्न निरुत्साहित गर्नु साथै लागु औषध दुर्व्यसनी युवाहरुलाई कुलतबाट छुटाई सहज र सरल जिवनयापन गर्नको लागि सहयोग गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय , सामाजिक विकास कार्यालयहरु र पुनस्थापना केन्द्रहरु । |
| ४. बजेट बाँडफाँट | प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता,खाजा/खाना, यातायात/ईन्धन, वैठक भत्ता, स्टेशनरी र अनुगमन लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | आवश्यकता अनुसार विज्ञहरु समेतको उपस्थितिमा समन्वय वैठक गर्ने **देहायको समन्वय समितिको गठन गर्नेः**<br>(क)सामाजिक विकास कार्यालयको कार्यालय प्रमुख-संयोजक<br>(ख)आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य<br>(ग) सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको युवा तथा खेलकूद महाशाखाको अधिकृत प्रतिनिधि- सदस्य<br>(घ) मनोपरामर्श/स्वास्थ्य परामर्श सम्बन्धी विज्ञ २ जना -सदस्य<br>(ङ) सामाजिक विकास कार्यालयले तोकेको पुर्नस्थापना केन्द्र/सुधार केन्द्रको प्रतिनिधि (उपलब्ध भए सम्म) - सदस्य<br>आश्यकता अनसुार अनुभवी व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ<br>विशेष क्षेत्र तथा भुगोल पहिचान गरि समन्वय समितिले निर्धारण गरेको विधि र विषयवस्तुमा आधारित रहेर स्वास्थ्य तथा मनोपरामर्श प्रशिक्षण/कार्यक्रम गर्ने ।पुनःस्थापना केन्द्र तथा सुधार केन्द्रका प्रतिनिधिहरुलाई स्वास्थ्य तथा मनोपरामर्श प्रशिक्षण/कार्यक्रम गर्ने । कार्यक्रम सम्पन्न पश्चात समग्र प्रतिवेदन तयारी । |
| ६. अपेक्षित प्रतिफल | युवामा दुर्व्यसन र विकृतिमा लाग्नवाट निरुत्साहित गर्न सहयोग पुग्ने ।<br>लागु औषधको कुलतमा लागेका युवाहरुलाई सामान्य जिवनमा पुनःस्थापित हुन सहज हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकका निर्णयप्रति<br>• कार्यक्रम संचालन सम्बन्धी उपस्थिति<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र सामाजिक विकास कार्यालयहरु |

## २.१.७ नेपाल स्काउट सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | ३ | १५०० | दोस्रो/तेस्रो/चौथो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नेपाल स्काउट, विश्व स्काउटको सिद्दान्त र मान्यता अनुरुप नेपाली बालबालिका तथा युवा वर्गलाई अनुशासित, स्वाबलम्वी र सच्चरित्रवान तुल्याई सेवा भावनाको अभिवृद्धि गर्दै देश विकासको मार्गमा लाग्न अभिप्रेरित गर्ने लक्ष्य प्राप्तिका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | जनस्तरमा स्काउट शिक्षाको विकास गरि प्रदेशमा स्काउटको विकासमा योगदान पुर्याउन सहयोग गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट बाँडफाँट | प्रशिक्षक भत्ता, खाजा/खाना, दैनिक भ्रमण, आवास, यातायात/ईन्धन, वैठक भत्ता, स्टेशनरी, अनुगमन लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | तयारी वैठक, तालिमका क्षेत्र निर्धारण (वि.टि.सी./पि.टि.सी./एडभेन्चर क्याम्प), सरोकारवालाहरुसंग समन्वय, कार्यक्रमका सहभागिहरु छनौट र कार्यक्रम संचालन।<br>प्रदेश स्काउट सँग समन्वय गरी कम्तीमा प्रदेशका विभिन्न ३ स्थानमा कार्यक्रम संचालन गर्ने । |
| ६. अपेक्षित प्रतिफल | नेपाल स्काउट सम्बन्धी तालिम तथा प्रशिक्षण मार्फत जनस्तरमा स्काउट शिक्षाको विकास गर्न सकरात्मक प्रयास भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकका निर्णयप्रति<br>• कार्यक्रम संचालन सम्बन्धी उपस्थिति<br>• खर्चका प्रमाणित विल भरपाईहरु<br>• कार्यक्रम संचालनका फोटोहरु<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.८ सीपयुक्त युवाहरुका लागि उद्यमशिलता/व्यवसाय शुरुवात सहयोग कार्यक्रम (सामाजिक विकास कार्यालयहरु)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | ११ | १०००० | दोस्रो र तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | युवालाई उद्यमशिल, व्यवसायी र आत्मनिर्भर बनाउनका लागि व्यवसाय संचालन गरिरहेका वा गर्न चाहने व्यक्तिगत अथवा सामूहिक फर्म वा संस्थालाई उत्पादनको आधुनिकीकरण, व्यवसायिकरण तथा बजारीकरणमा सहयोग गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | उद्यमशिल युवाहरुलाई उत्पादनमूलक उद्यम तथा व्यसायमा आवद्ध गराई व्यक्तिगत अथवा सामूहिक फर्मको माध्यमवाट स्वरोजगार बनाई उत्पादन/प्रशोधन/बजारीकरणमा आधुनिकीकरणका लागि सहयोग गरी उत्पादन वृद्धि गर्नु |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र जिल्ला स्थित सामाजिक विकास कार्यालयहरु । |
| ४. बजेट वाँडफाँट | अनुदान रकम,खाजा,खाना, यातायात, वैठक भत्ता, अनुगमन लगायतका अन्य खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | प्रस्ताव मागको लागि सुचना, अनुसूची -१ बमोजिमको ढाँचामा प्रस्ताव संकलन, समन्वय वैठक तथा मुल्याङकन समिति द्वारा प्राप्त प्रस्तावहरुको अनुसूची-२ बमोजिम मुल्याङकन गरि उद्यमी युवाबाट भए गरेका कार्यहरुको आधारमा उद्यमीहरुको छनोट।<br>**१. प्रस्ताव पेश गर्दा चाहिने आवश्यक कागजातहरुः**<br>क. संस्था दर्ता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (पान दर्ता प्रमाणपत्र/घरेलु दर्ता प्रमाणपत्र/स्थानीय तहमा व्यवसाय दर्ता प्रमाणपत्र)<br>ख. उद्यमको लागि प्रयोग गरिने जग्गा तथा भौतिक संरचनाको स्वामित्व खुल्ने प्रमाण अथवा लिजमा लिएको प्रमाण,<br>ग. स्थानीय तहको सिफारिस,<br>घ. प्रस्तावित उद्यमको व्यवसायिक परियोजना प्रस्ताव ।<br>**२. मुल्याङकन समितिः**<br>(क) सामाजिक विकास कार्यालयको प्रमुख- संयोजक<br>(ख) सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको युवा तथा खेलकूद महाशाखाको अधिकृत प्रतिनिधि- सदस्य<br>(ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य<br>(घ) पर्यटन तथा उद्योग कार्यालयको प्रतिनिधि - सदस्य |

| | |
|---|---|
| | (ङ) युवा हेर्ने शाखा/ प्रशासन शाखा प्रमुख- सदस्य सचिव<br>आश्यकता अनसुार विज्ञ/अनुभवी व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।(समितिको सिफारिसमा प्रति प्रस्ताव बढीमा रु एक लाख सम्मको उद्यमशिलता/व्यवसाय शुरुवात सहयोग रकम उपलब्ध गराउन सकिने)<br>**३. अनुसूची -४ बमोजिमको सम्झौता पत्र** |
| ६. अपेक्षित प्रतिफल | युवालाई उद्यमशिल व्यवसायी र आत्मनिर्भर बन्न सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>• भुक्तानी मागको लागि निवेदन<br>• खर्चका प्रमाणित विल भरपाईहरु, डोरहाजिरी, सम्झौताको प्रतिलिपि, स्थानीँय तहको सिफारिस<br>• संस्थाको हकमा खर्च अनुमोदनको निर्णय र रकम भुक्तानी सम्बन्धि निर्णय<br>• खरिद आदेश, दाखिला प्रतिवेदन, जिन्सि खाताको प्रतिलिपि<br>• कार्यक्रमका फोटोहरु, वैक खाता सम्बन्धी विवरण, कार्यसम्पन्न प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.९ युवा लक्षित बहस कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५०० | पहिलो/दोस्रो/तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | युवालाई राष्ट्र र प्रदेशको विकास एवं समृद्धिप्रति जिम्मेबार, कर्तव्यवोध र नैतिकवान् बनाउन युवाको नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै वर्तमान सन्दर्भमा युवा बहसका विषय र सवालहरु पहिचान गरी योजना तर्जुमा/छनौट र विकासका चरणहरुमा युवा सहभागिता वृद्धि गर्न यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | विकासमा युवाको सहभागिता सुनिश्चित गरी नेतृत्व तथा क्षमता विकासमा सहयोग पुर्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट बाँडफाँट | प्रशिक्षक भत्ता, खाजा/खाना, दैनिक भ्रमण, यातायात/ईन्धन, वैठक भत्ता, स्टेशनरी लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | नवप्रर्वतन, उत्पादनशिल, अनुसन्धानमुलक जस्ता विषयमा संलग्न युवाहरु बिच बहस कार्यक्रम संचालन गर्ने ।<br>तयारी वैठक, सरोकारवालाहरुसंग समन्वय, कार्यक्रमका सहभागिहरु छनौट, समसामायिक युवा बहसका विषय/क्षेत्रहरु सम्बद्ध छलफल र अन्तर्क्रियाको माध्यमबाट युवामा राष्ट्र/राष्ट्रियता/राष्ट्रिय स्वाभिमान प्रति समर्पित हुन प्रेरणा प्रदान गर्ने । |
| ६. अपेक्षित प्रतिफल | युवा जागरण अभिवृद्धि गरी विकासमा युवा सहभागित वृद्धि हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकका निर्णयप्रति<br>• कार्यक्रम संचालन सम्बन्धी उपस्थिति<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.१० दलित युवाहरुको उद्यमशिलता विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | २००० | दोस्रो र तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | दलित समुदायका युवालाई उद्यमशिल, व्यवसायी र आत्मनिर्भर बनाउनका लागि उद्यम संचालन गरिरहेका वा गर्न चाहने व्यक्तिगत अथवा सामूहिक फर्म वा संस्थालाई उत्पादनको आधुनिकीकरण, व्यवसायिकरण तथा बजारीकरणमा सहयोग गर्न र ग्रामीणस्तरमा स्थापित परम्परागत पेशालाई आधुनिकीकरण गर्दै संरक्षण एंव सम्बर्द्धन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | उद्यमशिल दलित युवाहरुलाई उत्पादनमूलक उद्यम तथा व्यसायमा आवद्ध गराई व्यक्तिगत अथवा सामूहिक फर्मको माध्यमवाट स्वरोजगार बनाई उत्पादन/प्रशोधन/बजारीकरणमा आधुनिकीकरणका लागि सहयोग गरी उत्पादन वृद्धि गर्नु |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट वाँडफाँट | अनुदान रकम,खाजा,खाना, इन्धन/यातायात, वैठक भत्ता अनुगमन दै.भ्र.भ. लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | प्रस्ताव मागको लागि अनुसूची-५ बमोजिमको सुचना, प्रस्ताव संकलन, समन्वय वैठक तथा मुल्याङकन समिति द्वारा प्राप्त प्रस्तावहरुको अनुसूची-७ बमोजिम मुल्याङकन गरि दलित युवा उद्यमीबाट भए गरेका कार्यहरुको आधारमा उद्यमीहरुको छनौट।<br>**१. प्रस्ताव पेश गर्दा चाहिने आवश्यक कागजातहरुः**<br>क. संस्था दर्ता तथा नवीकरण सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि<br>ख. कर चुक्ता तथा लेखापरिक्षण प्रतिवेदन<br>ग. उद्यमको लागि प्रयोग गरिने जग्गा तथा भौतिक संरचनाको स्वामित्व खुल्ने प्रमाण अथवा लिजमा लिएको प्रमाण,<br>घ. स्थानीय तहको सिफारिस,<br>ङ .प्रस्तावित उद्यमको व्यवसायिक परियोजना प्रस्ताव ।<br>**२. मुल्याङकन समितिः**<br>युवा तथा खेलकुद महाशाखा प्रमुख - संयोजक<br>प्रशासन/आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य<br>कानुन् अधिकृत - सदस्य<br>प्रतिनिधि प्रदेशको विषयगत मन्त्रालय - सदस्य<br>युवा शाखाको प्रमुख - सदस्य सचिव |

| | |
|---|---|
| | आश्यकता अनसुार अनुभवि विज्ञ/व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।<br>(समितिको सिफारिशमा प्रति प्रस्ताव बढीमा रु.एक लाख सम्मको उद्यमशिलता/व्यवसाय शुरुवात सहयोग रकम उपलब्ध गराउन सकिने)<br>३. **अनुसूची - ६ बमोजिम सम्झौता पत्र** |
| ६. अपेक्षित प्रतिफल | दलित युवालाई उद्यमशिल, व्यवसायी र आत्मनिर्भर बन्न सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>• भुक्तानी मागको लागि निवेदन<br>• खर्चका प्रमाणित विल भरपाईहरु, डोरहाजिरी, सम्झौताको प्रतिलिपि, स्थानीय तहको सिफारिस<br>• खरिद आदेश, दाखिला प्रतिवेदन,जिन्सि खाताको प्रतिलिपि<br>• कार्यक्रमका फोटोहरु, वैक खाता सम्बन्धी विवरण,कार्यसम्पन्न प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.२ खेलकुद तर्फ

### २.२.१ विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघ/संस्थालाई अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २६४१३ | संख्या | १ | ३००० | पहिलो/ दोस्रो/तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | स्थानीयस्तर जिल्लास्तर प्रदेशस्तर र राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादनमा सहयोग पुर्याउन प्रदेश भित्र हुने विभिन्न खेलकुद प्रतियोगिताका आयोजक वा संचालक संघ/सँस्थाहरुलाई उनीहरुबाट प्राप्त प्रस्तावका आधारमा स्वीकृत आर्थिक सहयोग उपलब्ध गराउन यो कार्यक्रम संचालन गरिनेछ । |
| २. कार्यक्रमको उद्देश्य | प्रदेशस्थित विभिन्न खेलकुद संस्थाहरुले सञ्चालन गरेका खेलसम्बन्धी गतिविधिहरुलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग प्रदान गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट बाँडफाँट | आर्थिक सहयोग/अनुदान रकम, खाजा/खाना, वैठक भत्ता लगायत अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • खेलकुद प्रतियोगिता सञ्चालन गर्न आर्थिक सहयोग माग गर्ने खेल आयोजक संघ/संस्थाहरूले आफ्नो संस्थाको लेटर हेडमा तपसिल अनुसारका कागजात सँलग्न गरी यस मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेः-<br>(क) संचालन गर्न लागिएको खेलकुद प्रतियोगितासम्बन्धी विवरण खुलेको प्रस्ताव<br>(ख) सँस्था दर्ताको प्रमाण पत्र<br>(ग) कर चुक्ताको प्रमाण पत्र<br>• बैठकको तयारी र सञ्चालन<br>• सहयोगका क्षेत्रहरूको पहिचान<br>• खेलकुद प्रतियोगिताको प्रकृति एवं पेश भएका प्रस्तावहरूको आधारमा बढीमा रु. १,००,०००।— (रु. एक लाख) सम्म अनुदान उपलब्ध गराउने गरी रकम निर्धारण ।<br>• खेल आयोजक संघ/संस्थाको खातामा रकम भुक्तानी ।<br>**प्रस्ताव मूल्याङ्कन तथा सहयोग रकम सिफारिस समिति-**<br>१. युवा तथा खेलकुद महाशाखा प्रमुख -संयोजक<br>२. प्रशासन,योजना तथा अनुगमन महाशाखा प्रमुख/शाखा प्रमुख -सदस्य<br>३. प्रदेश खेलकुद परिषद्को महाशाखा प्रमुख/प्रतिनिधि- सदस्य |

| | |
|---|---|
| | ४. मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य<br>५. खेलकुद शाखा प्रमुख -सदस्य सचिव |
| ६. अपेक्षित प्रतिफल | खेलकुद प्रतियोगिता संचालनका लागि रितपूर्वक आर्थिक सहयोग/अनुदान माग गर्ने यस प्रदेश स्थित विभिन्न खेल आयोजक संघ/सँस्थाहरू एवं खेलाडीहरूले आर्थिक सहयोग प्राप्त गरेका हुनेछन् । फलस्वरुप एउटा स्वस्थ्य, अनुशासित, जागरुक, परिश्रमी र प्रतिस्पर्धी खेलाडीहरुको उत्पादनमा वृद्धि भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • खेलकुद प्रतियोगिता कार्यक्रम उद्घाटन र समापन हुँदा बखत लिइएको उपस्थितिको प्रमाणित प्रतिलिपि<br>• सम्पन्न खेलकुद प्रतियोगितासँग सम्बन्धित सक्कल विल/भरपाईहरु,<br>• सम्पन्न खेलकुद प्रतियोगितासम्बन्धमा सम्बन्धित सँस्थाको बैठकले गरेका निर्णयका प्रमाणित प्रतिलिपिहरू<br>**नोटः**<br>बैठकको निर्णयमा कम्तिमा देहायका विषयहरू खुलेको हुनुपर्नेछः-<br>- खेलकुद प्रतियोगिता सम्पन्न भएको बेहोरा<br>- खेल प्रतियोगिता संचालन/व्यवस्थापनमा भएको खर्चको अनुमोदन गरेको<br>- खेलकुद प्रतियोगिताका लागि मन्त्रालयबाट स्वीकृत रकम भुक्तानी माग गर्ने सम्बन्धमा<br>• प्रतियोगितासँग सम्बन्धित प्रमाणित प्रतिवेदन (रंगीन फोटाहरू सहितको)<br>• प्रतियोगिता सम्बन्धी व्यानरको रंगीन फोटो<br>• सम्बन्धित पालिका वा वडा कार्यालयको सिफारिस<br>• आयोजक सँस्थाको बैंक खाता नं. खुलेको चेकको प्रतिलिपि<br>• सम्बन्धित संस्थाको लेटर हेडमा भुक्तानी पाउँ भन्ने निवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.२.२ राष्ट्र तथा प्रदेशको गौरब राख्न सफल प्रदेशका खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५०० | तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेश स्थापना पश्चात् यस प्रदेश तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागी भई पदक प्राप्त गर्ने खेलाडी एवं प्रशिक्षकहरुको आर्थिक स्तरमा सुधार ल्याई उनीहरुमा नयाँ जोश, जाँगर एवं उत्साहको संचार गराई आगामि दिनहरुमा पनि थप उत्साहजनक परिणाम ल्याउन अभिप्रेरित भन्ने हेतुले यो कर्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | राष्ट्र एवं प्रदेशको गौरव राख्न सफल प्रदेश खेलाडी एवं प्रशिक्षकहरुको जीवनस्तरमा सुधार ल्याई समग्र खेलकुदको विकासमा टेवा पुर्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट वाँडफाँट | प्रोत्साहन रकम, सम्मान पत्र, खाजा/खाना, वैठक भत्ता, अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सूचना प्रकाशन<br>• सम्बन्धित व्यक्ति वा निकायमा पत्राचार<br>• सम्मानित हुने खेलाडी/प्रशिक्षकहरुको विवरण संकलन<br>• समन्वय वैठक तयारी, संचालन तथा सम्मानित हुने खेलाडी/प्रशिक्षकहरूको छनौट<br>• कार्यक्रम आयोजना/संचालन ।<br>**खेलाडी/प्रशिक्षक छनोट समन्वय समिति**<br>१. सचिव-सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय-संयोजक<br>२. उपाध्यक्ष- प्रदेश खेलकुद परिषद गण्डकी-सदस्य<br>३. महाशाखा प्रमुख -युवा तथा खेलकुद-सदस्य<br>४. प्रशासन तथा योजना अनुगमन महाशाखा प्रमुख-सदस्य<br>५. खेलकुद शाखा प्रमुख-सदस्य सचिव<br>**नोटः** यस कार्यक्रमको सम्बन्धमा कार्यक्रमको मूल मर्ममा आँच नपुग्ने गरी खेलाडी/प्रशिक्षकहरूको छनौटको आधार यसै समितिले निर्धारण गरे बमोजिम हुनेछ । |
| ६. अपेक्षित प्रतिफल | प्रदेशका लक्षित खेलाडी एवं प्रशिक्षकहरुमा नयाँ उत्साहको सिर्जना भई खेलप्रतिको रुची र सक्रियतामा वृद्धि हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • खेलाडी/प्रशिक्षक परिचय पत्रको प्रमाणित प्रतिलिपि, खेलाडी/प्रशिक्षकले आफ्नो खेल विधामा प्राप्त गरेका हालसम्मका सबै किसिमका प्रमाण पत्रहरूको प्रमाणित प्रतिलिपि<br>• यस कार्यक्रममा सहभागिताका लागि प्रदेश खेलकुद परिषद, गण्डकीले देहायको विवरण खुलाएको सिफारिस पत्र |

| | |
|---|---|
| | क) गण्डकी प्रदेशको तर्फबाट खेलाडी/प्रशिक्षकको रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागी भएको भए सो खेलकुद प्रतियोगिताको नाम, वर्ष र प्राप्त पदकको किसिम<br>ख) प्रदेश खेलकुद परिषद, गण्डकीबाट गत आ.व. २०८०/२०८१ वा यस आ.व. २०८१/८२ मा प्रदेश खेलाडी/प्रशिक्षक सम्मान प्राप्त गरे/नगरेको ।<br>• कार्यक्रम संचालन सम्बन्धी उपस्थिति<br>• कार्यक्रमसँग सम्बन्धित खर्चका सक्कल विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरू<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.२.३ युवा तथा खेलकुद सम्वन्धित दिवस तथा समारोह सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ३०० | प्रथम/तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान् मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी "सबैको लागि खेलकुद" भन्ने अभियानलाई साकार पार्न, खेल क्षेत्रको महत्वलाई बचाई तथा प्रचार प्रसार गर्न समेत कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | खेलकुदको महत्वप्रति बालबालिका, युवा तथा वयस्कहरुमा जनचेतना अभिवृद्धि गराई खेलकुदमा उनीहरुको रुची जगाउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट वाँडफाँट | खाजा/खाना, यातायात, वैठक भत्ता, व्यानर निर्माण स्टेशनरी लगायतका अन्य विविध खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समन्वय बैठकको तयारी र संचालन, कार्यक्रमको समन्वय र संचालन, दिवस छनौट र पत्राचार<br>• अन्तर्राष्ट्रिय युवा तथा खेलकुद दिवसका अवसरमा प्रदेश स्तरीय भेला/सम्मेलन/कार्यक्रम संचालन<br>**युवा तथा खेलकुद सम्बन्धी दिवस तथा समारोह निर्धारण समितिः**<br>१. युवा तथा खेलकुद महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन,योजना तथा अनुगमन महाशाखा प्रमुख/शाखा प्रमुख- सदस्य<br>३. प्रदेश खेलकुद परिषद्को महाशाखा प्रमुख/प्रतिनिधि- सदस्य<br>४. मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य<br>५. खेलकुद शाखा प्रमुख- सदस्य सचिव |
| ६. अपेक्षित प्रतिफल | युवा तथा खेलकुद सम्बन्धि दिवस तथा समारोह संचालन भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | कार्यक्रम सम्बन्धी उपस्थिति विवरण, सक्कल विल/भरपाईहरु र कार्यक्रम सम्बन्धी प्रतिवेदन, फोटोहरु |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.२.४ युवा क्लब तथा खेलकुद सम्वन्धी संस्थाहरुका लागि खेलकुद सामग्री प्रोत्साहन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | २००० | दोस्रो/चौथो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | खेलाडी, खेलमैदान र खेलसामाग्री; यी ३ चिज कुनै पनि खेलकुद विकासका लागि आधारभूत तत्वहरु हुन ।यी ३ मध्ये कुनै एक तत्वको अनुपस्थितिमा खेलकुदको विकास असम्भव छ ।तसर्थ, खेलकुदसम्बन्धी आधारभूत ज्ञान र सीप भएका युवा तथा बालबालिकाहरुसम्म खेलकुद सामाग्रीहरुको पहुँच पुर्याई खेलको माध्यमबाट उनीहरुमा अन्तरनिहित प्रतिभाको प्रस्फुटन गराउँन, सबैका लागि खेलकुद भन्ने नारालाई सार्थक बनाउन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका प्रतिस्पर्धा गर्न सक्ने खेलाडीको आधार तयार पार्न विभिन्न खेलप्रतियोगिता संचालन गर्ने प्रदेश स्थित युवा क्लब तथा संघ/सँस्थाहरुलाई खेलकुद सम्बन्धी सामाग्रीहरु उपलब्ध गराउन आवश्यकता महशुस भई यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | खेलकुद प्रतियोगिताहरु संचालन गर्ने प्रदेशस्थित विभिन्न क्लब एवं संघ/सँस्थाहरुलाई निष्पक्ष एवं पारदर्शी तरिकाबाट खेलसामाग्रीहरुको विवरण गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट बाँडफाँट | खाजा, खाना, यातायात, बैठक भत्ता, सूचना प्रकाशन, खेलकुद सामाग्री खरिद लगायतका अन्य खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समन्वय बैठक तयारी र सञ्चालन<br>• खरिद गरिने खेलकुद सामाग्रीहरू पहिचान तथा स्पेशिफिकेसन निर्धारण<br>सार्वजनिक खरिद ऐन एवं नियमावली बमोजिम खेलकुद सामाग्रीहरु खरिद गरी वितरण गरिनेछ । |
| ६. अपेक्षित प्रतिफल | नियमानुसार दर्ता भई संचालनमा रहेका प्रदेशस्थित विभिन्न युवा क्लब तथा खेलकुदसम्बन्धी संघ/सँस्थाहरुले उनीहरुको माग र औचित्यका आधारमा विभिन्न खेलकुद सामग्रीहरु प्राप्त गरेका हुनेछन । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | खेलकुद सामग्री माग गर्ने सम्बन्धमा क्लब वा संघ/संस्थाले गरेको निर्णयको प्रतिलिपि, आधिकारिक निवेदन, संस्था दर्ता एवं पानमा दर्ता प्रमाण पत्रको प्रतिलिपि । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.२.५ गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी खेलाडीहरुलाई प्रोत्साहन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५५५ | पहिलो/चौथो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशबाट ओलम्पिक खेलकुद प्रतियोगिताहरुमा सहभागी बन्न सफल भएका प्रदेश खेलाडी एवं प्रशिक्षकहरुको जीवनस्तर सुधारमा सहयोग पुर्याउन तथा आगामि दिनहरुमा थप सफलतालागि उनीहरुलाई हौसला प्रदान गर्न प्रदेश सरकारद्वारा यस किसिमको कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशबाट ओलम्पिक प्रतियोगितामा सहभागी खेलाडीहरुलाई थप हौसला प्रदान गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट वाँडफाँट | खाजा/ खाना खर्च, गत आ.व. २०८०/८१ मा यस मन्त्रालयबाट सम्मानित ओलम्पियन खेलाडीहरूलाई वर्षेनी प्रदान हुने प्रोत्साहन रकम। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | बैठकको तयारी एवं संचालन, सम्बन्धित खेलाडी/निकायसँग सम्पर्क र निवेदन संकलन, सम्बन्धित खेलाडीहरुको खातामा रकम भुक्तानी दिने । |
| ६. अपेक्षित प्रतिफल | ओलम्पिक खेलमा सहभागी भई आ.व. २०८०/८१ मा यस प्रदेशबाट सम्मान पत्र प्राप्त गरेका सबै खेलाडीहरुले नियमानुसार मासिक ५०००।— (पाँच हजार रुपैयाँ) का दरले आ.व. २०८१/८२ को कुल प्रोत्साहन रकम रु. ६०,०००।-(साठी हजार रुपैयाँ मात्र) प्राप्त गरेका हुनेछन । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | वैठकको उपस्थिति विवरण, सम्बन्धित खेलाडीहरुको निवेदन, ओलम्पिक खेलमा सहभागिता देखिने सम्बन्धित खेल विधाको प्रमाणपत्र तथा परिचयपत्र, गत आ.व.मा प्रदान गरिएको सम्मान पत्रको प्रतिलिपि, बैंक खाता र पान नं.को विवरण । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.२.६ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशका खेलाडीहरुको सहभागिताका लागि सहयोग कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | पहिलो/दोस्रो/तेस्रो/ चौथो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरूमा सक्रिय सहभागीका लागि आर्थिक सहयोग माग गर्ने यस प्रदेशका खेलाडीहरूलाई प्रोत्साहन स्वरुप केही आर्थिक सहयोग गरी उनीहरूमा उत्प्रेरणा, उत्साह, प्रतिस्पर्धा गर्न सक्ने क्षमता आदिको विकास गर्दै अन्ततः पुरस्कार जित्न सक्नेसम्मको वातावरण सृजना गर्न सहयोग पुर्याउन यो कार्यक्रम संचालन गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा गण्डकी प्रदेशका खेलाडीहरूको सहभागितका लागि सहयोग पुर्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र प्रदेश खेलकुद परिषद, गण्डकी प्रदेश |
| ४. बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, यातायात, वैठक भत्ता लगायतका अन्य विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | प्रस्ताव सहितको निवेदन संकलन , वैठक, प्रस्तावको मूल्याङ्कन, सम्बन्धित संस्थासँग समन्वय, सहयोग रकम अनुमोदन।<br>**<u>सहयोग रकम सिफारिस समितिः-</u>**<br>१. युवा तथा खेलकुद महाशाखा प्रमुख - संयोजक<br>२. प्रशासन, योजना तथा अनुगमन महाशाखा प्रमुख/शाखा प्रमुख - सदस्य<br>३. प्रदेश खेलकुद परिषद्को महाशाखा प्रमुख/प्रतिनिधि - सदस्य<br>४. मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य<br>५. खेलकुद शाखा प्रमुख -सदस्य सचिव |
| ६. अपेक्षित प्रतिफल | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी खेलाडीहरुले सहयोग रकम प्राप्त गरेका हुनेछन । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • सम्बन्धित खेल संस्थाको सिफारिस<br>• खेल आयोजक संस्थाले सहभागिता सुनिश्चित गरेको पत्र र खेलाडीको सुविधा खुलेको पत्र भएमा सो समेत,<br>• प्रदेश खेलकुद परिषद्को दोहोरो खर्च नलिएको भनी गरिएको सिफारिस पत्र,<br>• यातायात सम्बन्धी सक्कल टिकट र प्लेनको हकमा बोर्डिङ पास समेत,<br>• सहभागिता पुष्टि गर्ने फोटोहरु एवं कागजातहरू । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.२.७ युवा तथा खेलकुद नीति, मापदण्ड तथा निर्देशिका तयारी

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो/दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेशस्तरमा युवा तथा खेलकुद श्रेत्रका नीति तथा कार्यविधि,मापदण्ड निर्देशिका एवं कार्यान्वयनमा सहयोग पुर्‍याउनुका साथै उक्त क्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश ऐन, कानून तथा कार्यविधि,मापदण्ड बनाउने अभिप्रायले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | युवा तथा खेलकुद सम्बन्धी मापदण्ड, प्रदेश नीति, ऐन तथा कानूनको निर्माण, कार्यविधि निर्माण, निर्देशिका तयार गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट वाँडफाँट | • मापदण्ड, कार्यविधि, निर्देशिका लगायत युवा तथा खेलकुद सम्बन्धी नीति नियम निर्माण सम्बन्धी आन्तरीक तथा सरोकारवालाहरुसँगको वैठक संचालन तथा व्यवस्थापन सम्बन्धी विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • युवा तथा खेलकुद सम्बन्धी मापदण्ड निर्माण<br>• नीति, ऐन, कानून निर्माणको लागि स्वीकृती<br>• आवश्यकतानुसार कार्यदल/विज्ञ समूह गठन<br>• नीतिको मस्यौदा तयारी र सरोकारवालाहरुको सुझाव संकलन<br>• आर्थिक मामिला र कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्रालयबाट राय एवं सहमति लिने<br>• स्वीकृति एवं सहमतिको लागि थप प्रकृया अघि बढाउने ।<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • मापदण्ड, नीति, ऐन तथा कानूनको निर्माण भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• कार्यक्रमगत मस्यौदा<br>• खर्चका विल भरपाईहरु<br>• विस्तृत विवरण प्रतिवेदन र भुक्तानी निवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

**२.२.८ युवा तथा खेलकुद सम्बन्धि कार्यक्रम अनुगमन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | मन्त्रालयको युवा तथा खेलकुद महाशाखाबाट र अन्तर्गतका कार्यालयहरुबाट युवा तथा खेलकुद सम्बन्धी चालु आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन गरि सुधारका उपायहरु सहित मन्त्रालयमा प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | • मन्त्रालय वा मातहतका कार्यालयहरुबाट युवा तथा खेलकुद क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुको अनुगमन गर्नु । |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| बजेट बाँडफाँट | • दैनिक भ्रमण भत्ता तथा ईन्धन/यातायात व्यवस्थापन लगायतका अन्य विविध खर्चहरु |
| सञ्चालन गरिने क्रियाकलाप | • आवश्यकता तथा प्राथमिकताको आधारमा मन्त्रालय तथा जिल्लास्थित कार्यालयहरुबाट कार्यान्वयन भइरहेका कार्यक्रम तथा योजनाहरुको अनुगमन गर्ने । |
| अपेक्षित प्रतिफल | • मन्त्रालय वा मातहतका कार्यालयहरुबाट युवा तथा खेलकुद क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश भएको हुनेछ । |
| पेश गर्नुपर्ने कागजातहरु | • मन्त्रालयबाट स्वीकृत भ्रमण आदेश<br>• भ्रमण प्रतिवेदन<br>• बिल, भरपाई, भ्रमण विल<br>• निवेदन |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.२.९ सामाजिक विकास कार्यालय (खेलमैदान निर्माण/खेलमैदान स्तरोन्नति/खेलमैदान मर्मत संभार) कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| | संख्या | | | पहिलो/दोस्रो/तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | खेलकुदको माध्यमबाट बालबालिका, युवा, वयस्क तथा प्रौढहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास गर्न स्थानीय तहदेखि नै प्रतिस्पर्धी खेलाडीहरुको उत्पादन एवं विकास गर्न र प्रदेश भित्र रहेका खेलकुद पूर्वाधारहरुको निर्माण/स्तरोन्नति/मर्मत सम्भार गरी चुस्त दुरुस्त रुपमा खेलहरु आयोजना गर्न तथा खेलाडीको विकास गर्न आवश्यक रहेकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | खेलमैदान जस्ता खेल पूर्वाधार र सो सँग सम्बन्धित आधारभूत संरचनाको निर्माण/स्तरोन्नति/मर्मत सम्भार गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सम्बन्धित सामाजिक विकास कार्यालयहरू |
| ४. बजेट बाँडफाँट | खेलकुद पुर्वाधार विकास संरचना निर्माण/स्तरोन्नती/मर्मत संभार रकम, वैठक भत्ता,संचालन तथा व्यवस्थापन खर्च लगायतका खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • **सूचना प्रकाशन गर्ने:** सामाजिक विकास कार्यालयहरूले खेलनिर्माण/ स्तरोन्नती/मर्मत संभारसँग सम्बन्धित स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटहरू कार्यान्वयनका लागि सम्झौता गर्न आउन सार्वजनिक सूचना प्रकाशनका माध्यमबाट सम्बन्धित पक्षलाई आह्वान गर्नुपर्नेछ ।यसरी सूचना प्रकाशन गर्दा सम्बन्धित उपभोक्ता समिति, संघ/संस्था, क्लब वा विद्यालयहरूले सम्झौता गर्न आउँदा निवेदनका साथ सँलग्न गर्नुपर्ने तपसिल अनुसारका कागजातहरूको बारेमा समेत उल्लेख गर्नुपर्नेछ ।<br>• खेलमैदान निर्माण/स्तरोन्नती/मर्मत संभार कार्यक्रम कार्यान्वयनकाका लागि सरोकारवाला संलग्न रहेको आम भेलाले उपभोक्ता समिति गठन, अनुगमन समिति गठन, खाता सञ्चालन, र सम्झौता गर्न जाने व्यक्तिका सम्बन्धमा गरेका निर्णयका प्रतिलिपिहरू,<br>**द्रष्टव्यः**<br>उपभोक्ता/निर्माण समिति गठन गर्दा ७ वा ९ सदस्यीय र सम्भव भएसम्म समावेशी प्रकृतिको हुनुपर्नेछ ।त्यसैगरी, अनुगमन समिति गठन गर्दा ३ सदस्यीय तर उपभोक्ता समितिबाहिरका सरोकारवाला व्यक्तिहरूलाई समावेश गरी गठन गरिएको हुनुपर्नेछ । |

| | |
|---|---|
| | • सो योजनाका सम्बन्धमा सम्बन्धित समिति/संस्थाको **कम्तिमा १०% लागत साझेदारी** रकम सुनिश्चित गरिएको तथा सरकारी निकाय वा सामाजिक विकास कार्यालयका प्राविधिकद्वारा तयार पारिएको लागत अनुमान र दर विश्लेषण (RateAnalysis)।<br>• खेलमैदानमा कुनै व्यक्तिको हकभोग नरहेको भन्ने सम्बन्धित स्थानीय तह/वडाको सिफारिस (खेलमैदानको जग्गा वनक्षेत्र भित्र नपर्ने सार्वजनिक/पर्नी वा ऐलानी भएको हुनुपर्ने,<br>• समितिका सबै पदाधिकारी एवं सदस्यहरुको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।<br>• स्वघोषणा पत्र (अनुसूची-१०)<br>• **<u>कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौताः</u>**<br>सामाजिक विकास कार्यालयहरूले अनुसूचि-८ मा उल्लेखित ढाँचामा सम्झौता गर्नुपर्नेछ ।सम्झौता पश्चात सम्बन्धित समिति वा संघ/संस्था मार्फत यो कार्यक्रम कार्यान्वयन गर्नुपर्ने छ ।<br>• **<u>कार्यक्रम संचालनः</u>**<br>कार्यक्रम कार्यान्वयनको सम्झौता भएपछि सम्बन्धित संस्थाले जतिसक्दो छिटो कार्यारम्भ गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले लागत इष्टिमेटका आधारमा कार्य सञ्चालन गर्नुपर्नेछ ।कार्य स्थलमा अनुसूची-९ अनुसारको सूचना पाटी अनिवार्य राख्नुपर्नेछ। कार्यारम्भ भएपछि सम्बन्धित संस्थाले सोको जानकारी कार्यालयलाई दिनु पर्नेछ । निर्माण/स्तरोन्नति/मर्मत सम्भार कार्य सम्पन्न भए पश्चात सो को प्रतिवेदन पेश गर्नुपर्नेछ । सम्झौता र लागत अनुमान अनुसार कार्य सम्पन्न गर्ने दायित्व सम्बन्धित खेल मैदान निर्माण/स्तरोन्नति/मर्मत सम्भार गर्ने निकाय/संस्थाको हुनेछ । |
| ६. अपेक्षित प्रतिफल | खेलमैदान जस्ता खेल पूर्वाधार र सोसँग सम्बन्धित आधारभूत संरचनाको निर्माण/स्तरोन्नति/मर्मत संभार भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • भुक्तानी मागको लागि आधिकारिक निवेदन<br>• भुक्तानीका लागि सम्बन्धित स्थानीय तह/वडा कार्यालयको सिफारिस<br>• योजनासँग सम्बन्धित समिति/संघ/संस्था वा विद्यालयले योजना सम्पन्न भएपछि **योजना सम्पन्न भएको सम्बन्धमा, खर्च अनुमोदन सम्बन्धमा** र **सामाजिक विकास कार्यालयसँग अन्तिम भुक्तानी माग गर्ने सम्बन्धमा** गरेका निर्णयका प्रतिलिपिहरू ।<br>• अनुगमन समितिका निर्णयका प्रतिलिपिहरू<br>• योजनसँग सम्बन्धित खर्चका प्रमाणित सक्कल विल/भरपाईहरु, डोरहाजिरी<br>• सम्झौताको प्रतिलिपि, |

| | |
|---|---|
| | • सरकारी प्राविधिकद्वारा तयार पारिएको कार्य सम्पन्न प्रतिवेदन (अनुसूची-११ अनुसार)को सक्कल प्रति<br>• बैंक खाता सम्बन्धी विवरण वा योजनासँग सम्बन्धित बैंक खाताको चेकको प्रतिलिपि<br>• योजनाको काम शुरुहुनु पूर्व, काम भैरहँदा र काम सम्पन्न भएपछिका स्पष्ट देखिने रंगीन फोटोहरु (सूचना बोर्डको फोटो समेत) |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र जिल्ला स्थित सामाजिक विकास कार्यालयहरु । |

## अनुसूचीहरु

## अनुसूची- १

### सीपयुक्त युवाहरुका लागि उद्यमशिलता/व्यवसाय शुरुवात सहयोग कार्यक्रम प्रस्तावको ढाँचा

१. संस्थाको विवरणः

नामः................................................

ठेगानाः जिल्ला................ गा.पा./न.पा. ......................... वडा......... टोल.................

सम्पर्क व्यक्तिको नाम र पदः................................ सम्पर्क नं............ ईमेल ठेगानाः........

२. संस्थाको सञ्चालक सदस्यहरुः

| क्र.सं. | नाम थर | ठेगाना | सम्पर्क नं. | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

३. उद्यमको क्षेत्रः......................... (कृषि/पशुपालन/तरकारी/फलफूल/जडिवुटी/लघु उद्यम/अन्य)

४. उद्यम बारे मुख्य विवरणः...................................... (उत्पादन/प्रशोधन/अन्य)

५. जग्गाको क्षेत्रफलः..........................रोपनी

६. जग्गाको प्रकृतिः निजी/सरकारी भोगाधिकार प्राप्त/लिज

७. उद्यम सफल हुने आधारहरुः......................

८. उद्यमसँग सम्बन्धित तलको फाराम स्पष्ट तथा वास्तविक हुने गरी अनिवार्य रुपमा भर्नुहोला ।

| क्र.सं. | विषय क्षेत्र | विवरण |
|---|---|---|
| १ | परियोजना प्रस्ताव | छ छैन |
| २ | उपलब्ध भौतिक पूर्वाधारको अवस्था | राम्रो मध्यम कमजोर |
| ३ | उद्यम सञ्चालन हुने भौगोलिक क्षेत्र | हिमाल पहाड तराइ |
| ४ | उद्यमको कच्चा पदार्थ र बजार | स्थानीयस्तर जिल्लास्तर जिल्ला वाहिर |
| ५ | स्वरोजगार अवस्था | ............जना |
| ६ | उद्यमको स्वामित्व | एकल सामुहिक |
| ७ | उद्यमीको प्रकृति | खेलाडी/पूर्व खेलाडी/प्रशिक्षक/अपाङ्गता भएका व्यक्ति/ एकल महिला/वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति |
| ८ | उद्यमको प्रकृति | क.उत्पादनमुलक ख.प्रशोधनजन्य |
| ९ | उद्यम सीप | छ छैन (भएमा प्रमाण संलग्न गर्नुहोला) |
| १० | प्राविधिक सेवाको उपलब्धता | छ छैन (भएमा प्रमाण संलग्न गर्नुहोला) |

९. लगानीका क्षेत्र र रकम आदि पक्षहरु प्रस्ताव योजनामा समेट्नु पर्नेछ ।

प्रस्ताव पेश गर्ने

दस्तखतः

नामः

पदः

सम्पर्क नं.

संस्थाको छापः

## अनुसूची-२

### सीपयुक्त युवाहरुका लागि उद्यमशिलता/व्यवसाय शुरुवात सहयोग कार्यक्रम प्रस्तावको मूल्याङ्कनका आधार र अङ्क विभाजन

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क | अङ्क दिने मापदण्ड |
|---|---|---|---|
| १ | उपलब्ध भौतिक पूर्वाधारको अवस्था | १० | राम्रो- ६, ठिकै - ८ र कमजोर - १० अङ्क |
| २ | उद्यम संञ्चालनको भौगोलिक क्षेत्र | १० | हिमाल क्षेत्र - १०, पहाड -९, तराइ क्षेत्र- ८ अङ्क |
| ३ | उद्यमको कच्चा पदार्थ र बजार | १५ | स्थानीयस्तर- १५, जिल्लास्तर- १३ र जिल्ला बाहिर- ११ अङ्क |
| ४ | स्व/रोजगारको अवस्था | १५ | परिवारका सदस्यमात्र रोजगार भएमा प्रतिसदस्य ३ बढीमा १२ र परिवार बाहिरका थप रोजगार भएमा प्रति व्यक्ति ५ अङ्कका दरले |
| ५ | उद्यमी/व्यवसायीको प्रकृति | १० | अपाङ्गता भएका/एकल महिला - १०, बैदेशिक रोजगारीबाट फर्केका व्यक्ति भएमा- ९, महिला, दलित, जनजाती भएमा - ८ अङ्क र अन्य भएमा - ७ अङ्क |
| ६ | उद्यमको प्रकृति | १५ | उत्पादनमुलक भएमा- १५, प्रशोधनजन्य भएमा- १४ अङ्क |
| ७ | सीप सिकेको प्रमाणपत्र | ५ | सात दिनसम्मको तालिमका लागि १, एक महिनासम्मको तालिमको लागि ३, एक महिनाभन्दा बढी अवधिको तालिम भएमा ५ |
| ८ | प्राविधिक सेवाको उपलब्धता | ५ | प्राविधिक सेवा उपलव्ध भएमा- ५, नभएमा - ० |
| ९ | प्रस्तावको समग्र मूल्याङ्कन | १५ | धेरै राम्रो- १५, राम्रो- १३ र ठिकै- ११ अङ्क |
|  | जम्मा | १०० |  |

## अनुसूची - ३

## स्वघोषणा पत्र

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको स्वीकृत वार्षिक बजेटबाट सञ्चालित सीपयुक्त युवाहरुका लागि उद्यमशिलता / व्यवसाय शुरुवात सहयोग कार्यक्रम लागि कार्यालयको मिति ………..........……….. गते प्रकाशित सूचना अनुसार ………..……. जिल्ला …………………… गा.पा./न.पा./म.न.पा. वडा नं…… अन्तर्गत सञ्चालित ……………………….. ……………………... फर्मलाई रु…………………….. (अक्षरेपी ……………………………………..मात्र) बराबरको उद्यम सञ्चालन रकम स्वीकृत भएकोमा उक्त कार्यक्रमका लागि विगत दुई वर्षमा अन्य संघ संस्था, स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारबाट कुनै पनि रकम प्राप्त नगरेको र मेरो/हाम्रा एकाघरका सदस्य कुनै स्थायी सरकारी सेवामा हाल कार्यरत नभएको स्वघोषणा गर्दछु/गर्दछौं। साथै कार्यक्रम सम्पन्न हुनेसम्म म/हामी लगायत अन्य फर्म/संस्था/समूहका सदस्यहरुको उमेर ४० वर्ष नकट्ने र अन्य व्यवस्था सीपयुक्त युवाहरुका लागि उद्यमशिलता/व्यवसाय शुरुवात सहयोग कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८१ अनुसार पालना गर्ने भनी स्वघोषणा गर्दछु/गर्दछौं ।

अन्य यदि प्रोत्साहन रकम प्राप्त भएको भए देहाय अनुसारको विवरण भर्ने:

| क्र.सं. | प्रोत्साहन रकम दिनेको नाम | आ. व. | रकम | गरेको काम | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

माथि उल्लिखित सबै व्यहोरा साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला/बुझाउँला ।

**औठा छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**निवेदक संस्था प्रतिनिधि**

**हस्ताक्षर:**

**नाम थर:**

**ठेगाना:**

**पद:**

**मोबाइल नं:**

**मिति:**

## अनुसूची -४

**सीपयुक्त युवाहरुका लागि उद्यमशिलता /व्यवसाय शुरुवात सहयोग कार्यक्रम सम्झौताको ढाँचाको नमुना**

........................ जिल्ला ..........................................गाँउपालिका/नगरपालिका वडा नं. ..... स्थित.........................................................र सामाजिक विकास कार्यालय, ..............., .............का बीचमा **सीपयुक्त युवाहरुका लागि उद्यमशिलता /व्यवसाय शुरुवात सहयोग कार्यक्रम** सञ्चालन सम्बन्धमा तपसिल बमोजिमको सम्झौता गरिएको छ ।

(क) कार्यक्रमको विवरण

१. उद्यमको नामः.....................

२. उद्यम संञ्चालन हुने स्थानः........................

३. कार्यक्रम शुरु हुने मितिः......................

(ख) कार्यक्रमको लागतः

१. कुल लागत रु.......................।(अक्षरेपी...............................................) मात्र ।

२. लागत व्यहोर्ने स्रोतहरुः

२.१ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयः रु...............

२.२ सम्बन्धित संस्थाः रु...............................

२.३ अन्य स्रोतबाटः रु......................

(ग) कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न गरिने मुख्य कार्यहरु र अनुमानित लागत विवरणः

| क्र.सं. | मुख्य कार्यहरु | परिमाण | अनुमानित लागत | सम्पन्न गर्न लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

(घ) कार्यक्रम कार्यान्वयन सम्वन्धी व्यवस्थाः सम्झौता पछि कार्य शुरु गर्ने र सम्झौता पत्रमा तोकिएको समय भित्र कार्य सम्पन्न गरि सक्नु पर्नेछ । कार्य सम्पन्न पश्चात सम्झौता वमोजिमको कार्य सम्पन्न प्रतिवेदन सहित सक्कल विल भरपाई र स्थानीय तहको सिफारिस सहित भुक्तानीको लागि सामाजिक विकास कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

माथि उल्लिखित व्यवस्था र शर्त अनुसार कार्यक्रम कार्यान्वयन गर्न गराउन हामी निम्न पक्षहरु मन्जुर गर्दछौं।

**संस्थाको तर्फबाट**

दस्तखतः

नाम थरः...............

पदः

मितिः

छापः

**कार्यालयको तर्फबाट**

दस्तखतः

नाम थरः...............

पदः

मितिः

छाप

## अनुसूची-५

## दलित युवाहरुको उद्यमशिलता विकास कार्यक्रममा व्यवसायीले पेश गर्ने प्रस्तावको ढाँचा

(क) निवेदकको नाम थरः ......................................... ..........................................

(ख) पेशा व्यवसायको नामः..................................

(ग) पेशा व्यवसाय सञ्चालन स्थानः जिल्लाः......................गा.पा./न.पा.: ................
वडा नः................ टोलः........................................

(घ) निवेदकको सम्पर्क फोन नः ............................ इमेलः ................. ...................

(ङ) व्यवसाय सञ्चालनको हालको पूर्वाधारको अवस्थाः .......................... ...............................

(च) व्यवसाय दर्ता गरे/नगरेकोः........................ यदि दर्ता गरेको भए दर्ता नं. :

(छ) योग्यता र अनुभवः .......................................................

(ज) व्यवसाय सञ्चालन गरेको अवधिः वर्षः.........महिनाः...............दिनः................

(झ) व्यवसायमा प्रयोग हुने कच्चा पदार्थः स्थानीय तहमा प्राप्त................. जिल्ला तहमा प्राप्त............... प्रदेश तहमा प्राप्तः................अन्यः................

(ञ) यो पेशाबाट गत वर्षको कुल आम्दानी रु...................................

(ट) यस पेशामा संलग्न व्यक्तिहरुको संख्याः ............................

(ठ) व्यवसाय सम्बन्धी कुनै तालिम लिएको भए सो को विवरणः .................... ........................

(ड) व्यवसायबाट उत्पादित वस्तु/सेवाको विवरण (क)............................(ख)............................

(ढ) यस अघि कुनै निकायबाट सहयोग/प्रोत्साहन रकम प्राप्त गरेको भएः

| सि.नं. | संघ/प्रदेश/स्थानीय तह र अन्य निकायको नाम | प्राप्त रकम | आर्थिक वर्ष |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

(ण) पेशा व्यवसायमा सुधार, प्रवर्द्धन र विस्तारका लागि आवश्यक सामाग्री/प्रविधिहरु र अनुमानित खर्चः

| सि.नं. | आवश्यक सामाग्री वा प्रविधिको विवरण/उद्देश्य | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

(त) प्रस्ताव निवेदनका साथ पेश गरेका अन्य कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. सम्बन्धित स्थानीय तहको सिफारिश,
३. व्यवसाय दर्ता प्रमाण पत्र
४. पेशा व्यवसाय सञ्चालन गरेको देखिने फोटो
५. व्यवसाय प्रवर्द्धन व्यवसायिक योजना

.......................
निवेदकको हस्ताक्षर
नाम थर
छाप

## अनुसूची- ६

## दलित युवाहरुको उद्यमशिलता विकास कार्यक्रम सम्झौताको ढाँचा

जिल्ला .................... गा.पा./न.पा. ....................... वडा नं. ....... टोलः............... वस्ने वर्ष ....... का एवं ऐ.ऐ. स्थित ....................... नामको व्यवसाय/फर्म संचालक श्री ........................................ र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखराका बीच दलित युवाहरुको उद्यमशिलता विकास कार्यक्रम सञ्चालन सम्बन्धमा तपसिल बमोजिमको सम्झौता गरिएको छ ।

(क) कार्यक्रमको विवरण

१. दलित युवाहरुको उद्यमशिलता विकास कार्यक्रम पेशा/व्यवसायको विवरणः

१.१ फर्मको नामः.................................

१.२ सञ्चालन गर्ने व्यक्तिको नामः .............................

१.३ ठेगानाः ..........................................

१.४ परम्परागत पेशा/व्यवसायको नामः

१.५ सञ्चालन हुने स्थलः .................................

(ख) कार्यक्रम सुरु हुने मितिः ...................

(ग) कार्यक्रमको लागत

१. कार्यक्रमको कूल लागत रकम रु. .................अक्षरेपीः रु. .................................. मात्र

२. लागत व्यहोर्ने स्रोतहरूः

२.१. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयः रु................ ........

२.२. सम्बन्धित संस्थाः रु ........................

२.३. अन्य स्रोतबाटः रु .................

(घ) कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न गरिने मुख्य कार्यहरु र अनुमानित लागतको विवरणः

| सि.नं. | मुख्य कार्यहरु | परिमाण | अनुमानित लागत | सम्पन्न गर्न लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

(ङ) कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः

१. सम्झौता पछि कार्य शुरु गर्ने र सम्झौता पत्रमा तोकिएको समय सिमा भित्र कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

२. कार्य सम्पन्न पश्चात सम्झौता बमोजिमको कार्य सम्पन्न प्रतिवेदन, सक्कल बिल, भरपाई, सम्बन्धित स्थानीय तहको सिफारिस र कामका फोटोहरुका आधारमा निर्णय अनुसारको रकम मन्त्रालयले भुक्तानी दिनेछ ।

माथि उल्लिखित व्यवस्था/शर्त अनुसार योजना कार्यान्वयन गर्न/गराउन हामी निम्न पक्षहरू मन्जुर गर्दछौं।

| **संस्थाको तर्फबाट** | **मन्त्रालयको तर्फबाट** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| छाप | छाप |

## अनुसूची-७

## दलित युवाहरुको उद्यमशिलत विकास कार्यक्रम प्रस्तावको मूल्याङ्कनका आधार र अङ्क विभाजन

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क | अङ्क दिने मापदण्ड |
|---|---|---|---|
| १ | उपलब्ध भौतिक पूर्वाधारको अवस्था | १० | राम्रो- ६, ठिकै - ८ र कमजोर - १० अङ्क |
| २ | उद्यम संञ्चालनको भौगोलिक क्षेत्र | ५ | हिमाल क्षेत्र - ५, पहाड/तराइ क्षेत्र- ४ अङ्क |
| ३ | उद्यमको कच्चा पदार्थ र बजार | १५ | स्थानीयस्तर- १५, जिल्लास्तर- १३ र जिल्ला बाहिर- ११ अङ्क |
| ४ | स्वरोजगारको अवस्था | १५ | परिवारका सदस्य सहित थप रोजगार भएमा प्रति व्यक्ति ५ अङ्कका दरले |
| ५ | उद्यमी/व्यवसायीको प्रकृति | १० | अपाङ्गता भएका/एकल महिला - १०, बैदेशिक रोजगारीबाट फर्केका व्यक्ति भएमा- ९, महिला, दलित, जनजाती भएमा - ८ अङ्क र अन्य भएमा -७ अङ्क |
| ६ | उद्यमको प्रकृति | १५ | परम्परागत पेशालाई आधुनिकीकरण गर्ने भएमा १५ उत्पादनमुलक भएमा- १३, प्रशोधनजन्य भएमा- ११ अङ्क |
| ७ | सीपको प्रमाणपत्र | ५ | सात दिनसम्मको तालिमका लागि १, एक महिनासम्मको तालिमको लागि ३, एक महिनाभन्दा बढी अवधिको तालिम भएमा ५ अङ्क |
| ९ | प्रस्तावको समग्र मूल्याङ्कन | २५ | धेरै राम्रो- २५, राम्रो- २० र ठिकै- १५ अङ्क |
| | जम्मा | १०० | |

## अनुसूची-८

## खेलकुद मैदान निर्माण/मर्मत सम्भार सम्झौताको ढाँचा

गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालय,.............को चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत **खेलकुद मैदान निर्माण/ मर्मत सम्भार कार्यक्रम** सम्पन्न गर्न गराउन सामाजिक विकास कार्यालय, ............ (यसपछि कार्यालय भनिएको) र जिल्ला .................... गा.पा./न.पा. ............................... वडा नं. ........ टोल ....................... को ................................. उपभोक्ता समिति/समूह/क्लव/संस्था (यसपछि समिति/संस्था भनिएको) बीच निम्नानुसार गर्न मन्जुर भई यो सम्झौता गरिएको छ ।

**कार्यक्रमको कोड नम्वरः..............................**

**१. समिति/संस्थाको विवरणः**

(क) समिति/संस्थाको नामः......................................

(ख) ठेगानाः.......................................

(ग) अध्यक्ष वा जिम्मेवार व्यक्तिः..........................

(घ) सम्पर्क नं.: .......................................

**२. आयोजनाको विवरणः**

(क) आयोजनाको नामः ..............................

(ख) आयोजना स्थलः........................................

(ग) आयोजनाको उद्देश्य :..............................

(घ) आयोजना शुरु हुने मितिः ............................

(ङ) कार्यक्रम सम्पन्न हुने मितिः............ .................

(च) कार्यक्रमको लागत

१. कार्यक्रमको कूल लागत रुः.....................(अक्षरूपी...............................................मात्र)

२. जम्मा सम्झौता रकम..................(अक्षरूपी................................................. मात्र)

३. लागत व्यहोर्ने स्रोतहरू:

- प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय,सामाजिक विकास कार्यालय
- उपभोक्ता समितिः
- स्थानीय तहः
- अन्य संघ/संस्थाः

(छ) जिन्सी सामग्री उपलव्ध हुने स्रोत भए खुलाउनेः (दाता निकाय, सामग्री र परिमाण)

(ज) आयोजनावाट लाभान्वित हुनेः

१. घर परिवार संख्याः ........ २. जनसंख्याः .......... ३. संगठित संस्थाः ......... ४. अन्यः .........

**३. कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न गरिने मुख्य कार्यहरु र अनुमानित लागतको विवरण:**

| सि.नं. | मुख्य कार्यहरु | परिमाण | अनुमानित लागत | सम्पन्न गर्न लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**४. उपभोक्ता समितिको विवरणः**

(क) उपभोक्ता गठन भएको मितिः

(ख) पदाधिकारीको नाम, ठेगाना र नागरिकता प्रमाण पत्र नं.

| क.सं. | पद | नाम | ना.प्र.प.नं. | हस्ताक्षर | आयोजना सन्चालन सम्बन्धी अनुभव |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | सदस्य | | | | |
| ३ | सदस्य | | | | |
| ४ | सदस्य | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |

**५. आयोजना निर्माण/मर्मत सम्भार सम्बन्धी ब्यवस्थाः**

(क) आयोजना मर्मत संभारको जिम्मा लिने समिति/संस्थाको नामः

(ख) मर्मत संभारको सम्भावित स्रोतः

i. जनश्रमदान ii. सेवा शुल्क iii. दस्तुर, चन्दाबाट iv. अन्य केही भए

**६. उपभोक्ता समितिको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः**

(क) आयोजना मिति......................मा सुरु गरी मिति ...................... सम्म पूरा गर्नुपर्नेछ।

(ख) प्राप्त रकम तथा निर्माण सामग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ।

(ग) नगदी जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्नेछ ।

(घ) आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी उपभोक्ता समुहमा छलफल गरी भुक्तानीको लागि माग गर्नु पर्नेछ ।

(ङ) आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै उपलव्ध गराउने रकम र लागत सहभागिता रकमको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ ।

(च) उपभोक्ता समितिले प्राविधिकको राय परामर्श एवं निर्देशन अनुरुपको काम गर्नुपर्नेछ ।

(छ) उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित विल भरपाईहरु, डोर हाजिर फारामहरु, जिन्सी, नगदी खाताहरु, समिति/समुहको निर्णय पुस्तिका आदी कागजातहरु मन्त्रालय र कार्यालयले मागेको वखत उपलब्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण पनि गराउनु पर्नेछ । सम्झौता भई कार्यसम्पन्न भए पश्चात यस खेलमैदानका लागि प्राविधिक बील भरपाई मुल्यांकन बमोजिमको रकम सम्बन्धित संस्थाको बैंक खातामा एकमुष्ट हस्तान्तरण गरिनेछ ।

(ज)कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(झ)मुल्य अभिवृद्धि कर (VAT) लाग्ने वस्तु तथा सेवा खरिद गर्दा नियमानुसार कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गर्नु पर्नेछ। साथै उक्त विलमा उल्लिखित मु.अ. कर बाहेकको रकममा १.५ प्रतिशत अग्रीम आयकर बापत करकट्टी गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु. बिस हजार भन्दा कम मुल्यको सामाग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मवाट पनि खरिद गर्न सकिनेछ, अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्वेवार हुनेछ। यस सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित संस्थाले सार्वजनिक खरिद कानुनको पालना गर्नुपर्ने छ ।

(ञ)डोजर, रोलर, ट्रक, ट्याक्टर लगायत मेशनरी सामान भाडामा लिएको एवं घर बहालमा लिई विल भरपाई पेश भएको अवस्थामा १० प्रतिशत घर भाडा/बहाल/ढुवानी कर तिर्नुपर्नेछ ।

(ट)निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै दुई आईटममा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संशोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति/समुह नै जिम्मेवार हुनेछ ।

(ठ)उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भए सो समितिलाई र सो नभए सम्बन्धित कार्यालयलाई बुझाउनु पर्नेछ । तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्बन्धित मन्त्रालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।

(ड)सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित भरपाई, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा भएको आय- व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलावाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णय प्रतिलिपि सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ ।

(ढ)आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरि फरफारकको प्रमाणपत्र लिनु पर्नेछ । साथै आयोजनाको आवश्यक मर्मत संभारको व्यबस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेछ ।

(ण)आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिती/ समुहले आयोजनाको भौतिक तथा बित्तीय प्रगति प्रतिवेदन अनुसूची-११ बमोजिमको ढाँचामा सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नु पर्नेछ ।

(त)आयोजनाको दीगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नुपर्नेछ ।

## ७. जिम्मेवारी तथा पालना गरिने शर्तहरुः

(क) आयोजनाको बजेट, उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद लेखाङ्कन, प्रतिवेदन आदि विषयमा उपभोक्ता समितिका पदाधिकारिहरुलाई जानकारी गराइनेछ ।

(ख) उपभोक्ता समितिले आयोजनामा आवश्यकता अनुसार प्राविधिक सहयोग स्थानीय तह वा बाह्य बजारबाट सेवा परामर्श अन्तर्गत लिन सक्नेछ ।

(ग) आयोजनाको प्राविधिक सुपरीवेक्षणका लागि मन्त्रालय/कार्यालयको तर्फवाट प्राविधिक खटाउन सकिनेछ । उपभोक्ता समितिबाट भएको कामको सुपरिवेक्षण गरी दिइएको सुझाव र प्रतिवेदन लागु गर्नेछ ।

(घ) श्रममुलक प्रविधिवाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सो बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोग गर्न पाइने छैन ।

(ङ) आयोजना सम्पन्न भएपछि स्थानीय तहबाट भएको जाँचपास प्रतिवेदन सहित फरफारक गर्नुपर्नेछ ।

(च) समिति/संस्थालाई बैंक खाता मार्फत भुक्तानी दिनु पर्नेछ ।

(छ) नियमानुसार कर कट्टी तथा कन्टेन्जेन्सी रकम कट्टा हुनेछ ।

यसमा उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं ।

| **उपभोक्ता समिति/संस्थाको तर्फवाट** | **मन्त्रालयको तर्फवाट** |
|---|---|
| दस्तखत........................<br>नामः ....................................<br>पदः<br>ठेगाना :.......................<br>सम्पर्क नं. :..............................<br>मिति : ........................... | दस्तखत ......................<br>नामः ...................................<br>पदः<br>सम्पर्क नं. :<br>मिति : |
| छापः | छापः |
| <u>**रोहवर**</u><br>दस्तखत.........................<br>नाम ..........................<br>पदः .................................<br>सम्पर्क नं.................. | <u>**रोहवर**</u><br>दस्तखत............................<br>नाम .......................................<br>पदः.................................<br>सम्पर्क नं. : .......................... |

## अनुसूची-९

## आयोजना सूचना पाटीको नमुना

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय,

पोखरा

खेल मैदान निर्माण/मर्मत सम्भार सूचना पाटी

आयोजनाको नामः

आयोजना संचालन हुने स्थानः वडा नम्वरः टोलः

आयोजना कार्यान्वयन हुने स्थानीय तहको नाम र जिल्लाः

उपभोक्ता समिति/समूह/संस्थाको नामः

सम्पर्क व्यक्तिको नामः

आयोजना सम्झौता मितिः

आयोजना सुरुवात मितिः

आयोजना सम्पन्न मितिः

आयोजनाबाट लाभान्वित जनसंख्याः

सहयोगको श्रोतः

क सामाजिक विकास तथा स्वास्य्य मन्त्रालयवाट रुः

ख स्थानीय तह/उपभोक्ता समिति/संस्था सहयोग रकम रु

ग. अन्य रु.

## अनुसूची- १०

### स्वघोषणा -पत्र

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको स्विकृत वार्षिक बजेटबाट **खेलकुद मैदान निर्माण/मर्मत सम्भार कार्यक्रम अन्तर्गत** सञ्चालित. ......... ............................ आयोजनाका लागि कार्यालय र ...................................... उपभोक्ता समिति बिच मिति...... .......................... मा कूल लागत ..............................मा सम्पन्न गर्न सम्झौता गरियो। उक्त कार्यक्रममा सम्झौता बमोजिम कार्य सम्पन्न गर्न अन्य कुनै सार्वजनिक निकाय संघ सँस्थाबाट बजेट विनियोजन नभएको स्वघोषणा गर्दछौं। साथै कुनै संघ/सँस्था/निकायबाट दोहोरोपना नभएको पनि स्वघोषणा गर्दछौं।

माथि उल्लिखित सबै व्यहोरा साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला /बुझाउँला।

| पद | नाम | हस्ताक्षर |
|---|---|---|
| अध्यक्षः | | |
| उपाध्यक्षः | | |
| सचिवः | | |
| कोषाध्यक्षः | | |
| सदस्यः | | |
| सदस्यः | | |
| सदस्यः | | |
| सदस्यः | | |
| सदस्यः | | |

# अनुसूची- ११

## कार्य सम्पन्न प्रतिवेदनको ढाँचा

स्थानीय तहको नाम र ठेगानाः ......
कार्यक्रमको नामः ...
कार्यक्रमको कोड नं
लागत अनुमानको कुल अङ्क रु....
काम सुरु भएको मितिः ..
सम्पन्न गर्नुपर्ने मितिः ..
काम सम्पन्न भएको मितिः

सहयोगको श्रोतः
क) मन्त्रालयवाट रू...............
ख) स्थानीय तह/सँस्थाबाट रू..................
ग) अन्य सहयोग रु..........................

| सि.नं. | कामको विवरण | एकाइ | लागत अनुमान बमोजिम | | | खुद खर्च भएको रकमको विवरण | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

कैफियत महलमा घटी वा बढी भएको मुख्य कारण साथै अन्य आवश्यक कुरा लेख्ने ।
इष्टिमेट भन्दा बढी खर्च भएमा त्यसको मुख्य कारण.................................

तयार पार्नेको नामः
हस्ताक्षरः
पदः
मितिः

पेश गर्नेको नामः
हस्ताक्षरः
पदः
मितिः

प्रमाणित गर्नेको नामः
हस्ताक्षरः
पदः
मितिः

## अनुसूची- १२

## आयोजना सम्झौता गर्दा र सम्पन्न पछि भुक्तानीका लागि पेश गर्नु पर्ने कागजातहरु

**(क) आयोजना सम्झौता गर्दा आवश्यक कागजातहरु :**

- प्राबिधिकबाट स्वीकृत लागत अनुमान (स्विकृत दररेट सहित) र आवश्यकता अनुसार ड्रोईङ डिजाईन र नक्शा
- योजना सम्झौताको लागि स्थानीय तह/वडाको सिफारिश
- आमभेलाबाट उपभोक्ता समिति र अनुगमन समिति गठनको निर्णयको प्रतिलिपि
- उपभोक्ता समितिको बैठक बसी आयोजना सम्झौता र खाता सञ्चालन गर्ने निर्णयको प्रतिलिपि
- उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरुको नागरिकताको प्रतिलिपि
- योजना सम्झौताको लागि उपभोक्ता समितिको निवेदन (सम्पर्क नम्वर सहित)
- स्वघोषणा पत्र

**(ख) भुक्तानीको लागि चाहिने कागजात :**

- प्राविधिक नापी किताब, बिल, तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन सक्कल प्रति (लागत अनुमानमा कम्तिमा १० प्रतिशत उपभोक्ता समितिको योगदान हुनुपर्ने)।
- नापी किताब बराबरको उपभोक्ता समितिबाट बिलहरु (मुअकर सहितको सक्कल बिल, डोर हाजिरी फाराम तथा अन्य बिल)।
- वडा कार्यालयको कार्य सम्पन्न सिफारिस
- कामसँग सम्बन्धित फोटोहरु (कार्य गर्नु अघि, भैरहेको अवस्था र सम्पन्न पछिका)
- काम सम्पन्न भएको खर्च अनुमोदन गरेको र भुक्तानी माग गर्ने उपभोक्ता समितिको निर्णयको प्रतिलिपि
- उपभोक्ता समितिको बैंक खाताको चेकको फोटोकपी
- भुक्तानी पाउँ भन्ने उपभोक्ता समितिको पत्र निवेदन।